बारपाक सुलिकोट गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल ।
Website: www.Sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

मिति : २०७६/०२/०९

**विषय : करारमा पदपूर्तिको लागि दरखास्त आब्हान सम्बन्धी सूचना ।**

बारपाक सुलिकोट गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षक पद करारका माध्यमबाट अस्थायी पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधिनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) रिक्त शिक्षक पदको तह र विषय:**

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | पद संख्या |
|---|---|---|---|---|
| १ | ०४/०७५/०७६ | प्राथमिक | | ६ |
| २ | ०५/०७५/०७६ | नि.मा.वि. | गणित | १ |
| ३ | ०६/०७५/०७६ | नि.मा.वि. | विज्ञान | १ |
| ४ | ०७/०७५/०७६ | नि.मा.वि. | नेपाली | १ |
| ५ | ०८/०७५/०७६ | मा.वि. | विज्ञान | २ |

**२) उमेर :** १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको नेपाली नागरिक ।

**३) आवश्यक न्यूनतम योग्यता :**

क) प्राथमिक तहको हकमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी अध्ययापन अनुमति पत्र प्राप्त गरेको ।

ख) निम्न माध्यमिक तहको हकमा सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण गरी अध्ययापन अनुमति पत्र प्राप्त गरेको ।

ग) माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी अध्ययापन अनुमति पत्र प्राप्त गरेको ।

**४) आवश्यक कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।
- हालसालै खिचेको पार्सपोट साइजको फोटो - २ प्रति ।

**५) परीक्षाको किसिम :** लिखित र मौखिक

**६) परीक्षा केन्द्र :** बारपाक सुलिकोट गाउँपालिकाको कार्यालय, ताकुकोट गोरखा ।

प्रमुख प्रशासकीय अधिकृत

बारपाक सुलिकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल ।
Website: www.Sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

७) **निवेदन दस्तुर** : मा.वि.को रु. १०००।-, नि.मा.वि.को रु. ८००।-, प्रा.वि. को रु. ५००।-

८) **दरखास्त दिने स्थान** : बारपाक सुलिकोट गाउँपालिकाको कार्यालय, ताकुकोट गोरखा ।

९) **विज्ञापन भएको मिति** : २०७६/०२/०९ गते

१०) **दरखास्त दिने अन्तिम मिति** : २०७६/०२/२४ गते

११) **लिखित परीक्षाको मिति** : २०७६/०२/२५ गते

१२) **समय** : विहान ८:०० वजे ।

१३) **अन्तरवार्ता** : लिखित परीक्षाको नतिजा प्रकाशन सँगै तोकिनेछ ।

१४) **विज्ञापन सम्बन्धि थप जानकारी** :

- परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोकिए वमोजिम हुनेछ । www.tsc.gov.np मा हेर्न सकिनेछ ।
- रित नपुगेको दरखास्त स्वीकृत हुने छैन ।
- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० वमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्वन्धित निकायवाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- कुनै उम्मेदवारले झुठा विवरण/कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिनेछ ।
- दरखास्त फाराम यस कार्यालयवाट उपलब्ध हुनेछ ।

**थप जानकारीको लागि सम्पर्क नं.** : ९८५६०१००६०/९८५६०७१००७

शिव वहादुर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत